बैजनाथ गाउँपालिका

# बैजनाथ राजपत्र

**खण्ड : ०५ संख्या : ०२ भाग : ०२ प्रकाशित मिति : २०७८/१२/१४**

## वैजनाथ गाउँपालिकाको युवा उद्यमशिलता विकास अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७८

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०७८/०९/२२

गाउँपालिका अध्यक्षबाट प्रमाणिकरण मिति : २०७८/१०/०५

**प्रस्तावनाः**

युवाशक्ति देशको राजनैतिक, आर्थिक र सामाजिक परिवर्तनको संवाहक हो । यो समुहलाई सक्रिय, उर्जावान र गतिशिल मानिन्छ । नेपाल कृषि प्रधान देश हो । यहाँका दुई तिहाई नागरिकहरु कृषि पेशामा संलग्न छन् तर युवाहरुमा यस पेशा प्रतिको आकर्षण आशा गरिए अनुसार उपलब्धि हुन सकेको छैन । यसको उदाहरणका रुपमा हरेक दिन विदेश जाने युवाहरुको संख्यालाई लिन सकिन्छ । काम गर्न सक्ने सक्रिय, उर्जाशील, जोसिला युवाहरु दिनानुदिन विदेश जाने र नेपालका उत्पादनयोग्य जमिन बाँझो हुने अवस्थाको अन्त्य नहुँदासम्म हामी कृषि तथा पशु पालनको क्षेत्रमा आत्मनिर्भर हुन सम्भव देखिदैन। युवाहरुको ज्ञान, सीपको विकास गरि उनीहरुको धारणमा परिवर्तन ल्याउदै उद्यमशीलता, सीप विकास र रोजगारी सिर्जना गर्न सकेमा विदेशिएका युवाहरुलाई फर्काउन र विदेश जाने सोंच बनाएका युवाहरुलाई रोक्न सकिन्छ । युवा परिचालन, सहभागिता र नेतृत्व विकास बिना कुनै पनि देशले विकासको अपेक्षित लक्ष्य हासिल गर्न सक्दैन । युवाहरुको सीप विकास, क्षमता विकास र अवसर प्रदानको माध्यमबाट समाज र देशको आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरण गर्न सकिन्छ । त्यसैले युवाहरुलाई कृषि तथा पशु उद्यम, सीप विकास, घरेलु उद्योग जस्ता क्षेत्रमा आकर्षण र उत्प्रेरित गरि स्वरोजगारको सिर्जना गर्दै समग्र राष्ट्र निर्माणको रणनीतिमा योगदान गर्नका लागि वैजनाथ गाँउपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को २ को (ण)मा भएको बिषयको कार्यान्वयन गर्न र आर्थिक वर्ष २०७६\०७७ देखि कार्यान्वयनमा रहेको साना किसान परियोजनाको क्रियाकलापलाइ सहजरुपमा संचालन गर्न बैजनाथ गाउपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ४ को प्रयोग गरि यो कार्यविधि तर्जुमा गरि स्वीकृत गरिएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम "युवा उद्यमशिलता विकास अनुदान कार्यक्रम सञ्चालन कार्यविधि २०७८" रहेको छ ।

ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमाः–

क) "कार्यविधि" भन्नाले युवा उद्यमशिलता विकास अनुदान कार्यक्रम सञ्चालन कार्यविधि २०७८ लाई सम्झनु पर्दछ ।

ख) "अनुदान" भन्नाले प्रोत्साहन स्वरुप व्यवसायको परिमाणको आधारमा प्रदान गरिने रकमलाई सम्झनु पर्दछ।

ग) "गाउँपालिका" भन्नाले वैजनाथ गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

घ) "व्यवसाय" भन्नाले स्थानीय स्तरमा युवाले सञ्चालन गरेका बाख्रा, गाई, भैसी, लोकल कुखुरा, बंगुर, टर्कि, माछापालन र तरकारी, फलफुल, खाद्यान्न बाली खेती लगायतका यस्तै प्रकृतिका अन्य कृषि तथा पशुजन्य व्यवसाय लाई सम्झनु पर्दछ|

ङ) "व्यवस्थापन समिति" भन्नाले युवा उद्यमशिलता विकास अनुदान कार्यक्रम संचालनका लागि यस कार्यविधि बमोजिम गठन हुने कार्यक्रम निर्देशक समिति र कार्क्रम कार्यान्वयन समितिलाई सम्झनु पर्दछ ।

च) "कार्यक्रम" भन्नाले वैजनाथ गाँउपालिकाले आफै स्रोत वा अन्य सरकारी वा गैह्र–सरकारी संस्था संग साझेदारी गरि सञ्चालन गर्ने कार्यक्रमलाई सम्झनु पर्दछ ।

छ) "साझेदारी" भन्नाले बैजनाथ गाउपालिका ,संघिय तथा प्रदेश सरकार , अन्य स्थानीय तह, गैह्र–सरकारी संघ–संस्था, सामुदायिक संघ–संस्था, दातृ निकाय, सहकारी, निजी क्षेत्र, उपभोक्ता समिति आदि समेत सँग संयुक्त लगानीमा गरिने साझेदारी कार्यक्रम वा योजनालाई सम्झनु पर्दछ ।

ज) "युवा" भन्नाले १८ देखि ४५ वर्ष सम्मका उमेर समुहको व्यक्तिलाई सम्झनु पर्दछ ।

झ) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ लाई सम्झनु गर्दछ ।

**३. उद्देश्यः** यस कार्यक्रमको उद्देश्य देहायबमोजिम हुनेछ :

क) व्यवसायमा आधारित अनुदान मार्फत कृषि तथा पशुपालन व्यवसायमा युवाहरुको आकर्षण वढाई उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।

ख) युवा उद्यमीहरुको मनोबल उच्च राखी कृषि तथा पशुपालन व्यवसायको क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने ।

ग) उपलव्ध भुमिको क्षेत्रफल तथा पशुवस्तुको संख्याको आधारमा उद्यम वर्गिकरण गरी उद्यमशिलता वृद्धि गर्ने ।

घ) कृषि तथा पशुवस्तु उपजमा गाँउपालिकालाई आत्मनिर्भर बनाउने ।

## परिच्छेद- २
## कार्यक्रमका क्षेत्र तथा उद्यमको वर्गिकरण

**४. युवा उद्यमशिलता विकासका लागि अनुदान प्रदान गरिने वालि तथा पशुवस्तुहरु देहायअनुसार हुनेछन्–**

क) बाख्रा पालन

ख) गाई भैसि पालन

ग) लोकल कुखुरा पालन

घ) तरकारी खेती

ङ) बंगुर पालन

च) टर्कि पालन

छ) माछा पालन

ज) नगदे बाली खेती

झ) फलफुल खेती

ञ) खाद्यान्न बाली खेती

ज) अन्य

झ) गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रमको आधारमा गाउँकार्यपालिकाले अनुदान कार्यक्रमका क्षेत्रहरु थपघट गर्न सक्नेछ ।

**५. बाली तथा पशुवस्तु उत्पादन उद्यमहरुको वर्गिकरण देहायअनुसार हुनेछन्–**

क) लघु उद्यम

ख) साना उद्यम

ग) मझौला उद्यम

घ) ठुला उद्यम

ङ) उद्यम वर्गिकरण जग्गाको क्षेत्रफल र पशुवस्तुको संख्याको आधारमा निर्धारण गरिएको छ । जग्गाको क्षेत्रफल तथा पशुवस्तुको संख्या अनुसार विस्तृत वर्गिकरण अनुसूची ४ मा उल्लेख गरे बमोजिम हुनु पर्नेछ।

च) उल्लेखित वर्गिकरण अनुसार गाँउपालिकाले उद्यमको दर्ता गर्नेछ ।

## परिच्छेद -३
## कार्यक्रम संचालन प्रक्रिया तथा छनौटको मापदण्ड

**६. कार्यक्रम सञ्चालन प्रक्रियाः** १) कार्यक्रम सञ्चालन प्रक्रिया देहाय बमोजिम हुनेछन् :

क) युवा उद्यमशिलता विकास अनुदान गाउँसभाबाट स्वीकृत कार्यक्रम, योजना तथा परियोजना मार्फत गर्नुपर्नेछ ।

ख) युवा उद्यमशिलता विकास अनुदान कार्यक्रममा सहभागी हुन इच्छुक युवाहरुलाई लक्षित गरि अनुसूची १ बमोजिमको ढाँचामा १५ दिने सूचना प्रकाशन गर्नु पर्नेछ ।

ग) प्रस्तावकहरुले अनुसूची २ बमोजिमको ढाँचामा निवेदन र सो अनुसारका कागजातहरु सहित अनुसूची ३ बमोजिमको ढाँचामा आवेदन फारम तयार गरी कार्यालयमा वा कार्यक्रम संचालन साझेदारी निकाय वा तोकिएको अन्य निकायमा  पेश गर्नु पर्नेछ ।

घ) पेश भई आएका आवेदनहरुलाई कार्यक्रम कार्यान्वन समितिले स्थलगत अनुगमन गरि आवेदनहरु मूल्यांकन गर्नु पर्नेछ ।

**७. छनौटको मापदण्डः** १) युवा उद्यमशिलता विकास अनुदान कार्यक्रमको आवेदन छनौटका मापदण्ड देहायबमोजिम हुनेछन्ः–

क) अनुदान कार्यक्रमको लागि आवेदन पेश गर्ने युवाहरु बैजनाथ गाउपालिकाको स्थायी बासिन्दा हुनु पर्नेछ | निबेदन साथ नागरिकताको प्रतिलिपि वा बसाइसराइको प्रमाणपत्रको प्रतिलिपि,  फोटो ( आबश्यकताको आधारमा ) सम्बन्धित वडा कार्यालयको सिफारिस साथ आवेदन पेश गरेको हुनु पर्नेछ ।

ख) अनुदान रकम उद्यमीहरुको उत्पादनको स्रोत जस्तैः बाख्राको माउ, गाई भैसि, जग्गाको क्षेत्रफल, तलाउको क्षेत्रफल जस्ता  आधार हेरी  प्रदान गर्नु पर्नेछ ।

घ) अनुदान प्राप्त गर्ने उद्यमीहरुले उत्पादन भएको वाली तथा पशुवस्तु सहकारी तथा समूह मार्फत सामुहिक वेचविखन गर्नु पर्नेछ ।

ङ) उत्पादन गर्ने बाली तथा पशुवस्तुको गुणस्तर न्यूनतम मापदण्ड भित्र परेको हुनु पर्नेछ ।

**८. अनुदान रकम तथा सहयोगको मापदण्डः** युवा उद्यमशिलता विकास अनुदान कार्यक्रमको अनुदान रकमको मापदण्ड देहायबमोजिम हुनेछन्ः–

क) बाख्रा पालनः बाख्रा पालन गर्ने उद्यमीहरुलाई सुधारिएको खोर निर्माण तथा सुधारका लागि माउ संख्याको आधारमा अदिकतम प्रति माउ रु. ८०००| का दरले अनुदान प्रदान गरिने छ ।

ख) गाई भैसि पालनः गाई भैसि पालन गर्ने उद्यमीहरुलाई गोठ निर्माण तथा सुधारका लागि गाई भैसि संख्याको आधारमा प्रति गाई भैसि अधिकतम रु. २०००० का दरले अनुदान प्रदान गरिने छ ।

ग) कुखुरा पालनः लोकल कुखुरा पालन गर्ने उद्यमीहरुलाई खोर निर्माण तथा सुधारका लागि माउ संख्याको आधारमा अधिकतम प्रति माउ रु. ४००० का दरले र लटमा पाल्नेको हकमा वा ब्रोइलरको हकमा प्रति चल्ला रु. १०० अनुदान प्रदान गरिने छ ।

घ) टर्कि पालनः टर्कि पालन गर्ने उद्यमीहरुलाई खोर निर्माण तथा सुधारका लागि माउ संख्याको आधारमा अधिकतम  प्रति माउ रु. ५००० का दरले र लटमा पाल्नेको हकमा प्रति चल्ला रु. २०० अनुदान प्रदान गरिने छ ।

ङ) वंगुर पालनः वंगुर पालन गर्ने उद्यमीहरुलाई खोर निर्माण तथा सुधारका लागि माउ संख्याको आधारमा अधिकतम प्रति माउ रु. ८००० का दरले अनुदान प्रदान गरिने छ ।

च) तरकारी खेतीः तरकारी खेती गर्ने उद्यमीहरुलाई तरकारीको विऊविजन तथा मलखाद खरिदका लागि जग्गाको क्षेत्रफलको आधारमा प्रति कठ्ठा अधिकतम  रु. १५००० का दरले अनुदान प्रदान गरिने छ ।

छ) फलफुल खेतीः फलफुल खेती गर्ने उद्यमीहरुलाई फलफुलको विरुवा, मलखाद खरिद तथा व्यवस्थापनका लागि फलफुलको संख्याको आधारमा प्रति बोट अधिकतम रु. ३०० का दरले अनुदान प्रदान गरिने छ ।

ज) खाद्यान्न बाली बिऊ उत्पादनः खाद्यान्न बाली बिऊ उत्पादन खेती गर्ने उद्यमीहरुलाई मुल बिऊ, मलखाद खरिद तथा व्यवस्थापनको लागि लागि जग्गाको क्षेत्रफलको आधारमाअधिकतम प्रति कठ्ठा रु. १००० का दरले अनुदान प्रदान गरिने छ ।

झ) माछा पालनः माछा पालन गर्ने उद्यमीहरुलाई तलाउ निर्माण तथा मर्मत संभार, माछाको भुरा र दाना खरिदका लागि लागि तलाउको क्षेत्रफलको आधारमा अधिकतम प्रति कठ्ठा रु. २०००० का दरले अनुदान प्रदान गरिने छ ।

ञ) यहाँ उल्लेख नभएका अन्य रैथाने तथा नगदेबालीको हकमा संभावनाको आधारमा कार्यक्रम निर्देशक समितिले निर्धारण गर्नेछ ।

ट) प्रति युवा उद्यमी अनुदान रकम अधिकतम रु. ४०००० सम्म प्रदान गरिने छ । थप व्यवसाय विस्तारका लागि व्यवसायिक योजना अनुसार सुलभ कर्जा प्राप्तीका लागि सहजीकरण गरिने छ ।

ठ) उल्लेखित अनुदान रकमको दररेट युवा उद्यमशिलता विकास अनुदान कार्यक्रमको वार्षिक स्वीकृत वजेटको आधारमा सोही वर्षका लागि के कति प्रदान गर्ने भन्ने गाँउकार्यपालिकाको निर्णय र यस कार्यविधि बमोजिम गर्नु पर्नेछ ।

## परिच्छेद -४
## कार्यक्रम संचालन, व्यवस्थापन तथा अनुगमन

**९. युवा उद्यमशिलता विकास अनुदान कार्यक्रम संचालन, व्यवस्थापन, अनुगमन र सहजीकरणका लागि देहायबमोजिमको कार्यक्रम निर्देशक समिति रहनेछः–**

क) वैजनाथ गाउँपालिका अध्यक्ष–संयोजक

ख) वैजनाथ गाउँपालिकाको उपाध्यक्ष– सदस्य

ग) आर्थिक बिकास समितिको संयोजक – सदस्य

घ) संयोजकले तोकेको एकजना वडा अध्यक्ष – सदस्य

ङ) प्रमुख प्रशासकीय अधिकृत – सदस्य सचिव

**१०. कार्यक्रम निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन्ः–**

क) अनुदान कार्यक्रम संचालनको विधि र रुपरेखा निर्धारण गर्ने ।

ग) अनुदान कार्यक्रमको अनुगमन, मूल्यांकन र नियमित समीक्षा गर्ने ।

ग) कार्यक्रम संचालनको लागि आवश्यक व्यवस्थापकीय काम एवं समन्वय र सहजीकरण गर्ने ।

घ) युवा उद्यमशिलता विकास अनुदान कार्यक्रम संचालन सम्बन्धी अन्य आवश्यक निर्णयहरु गर्ने ।

ङ) निर्देशक समितिको बैठकमा सम्बन्धित बिषयगत शाखाका प्रमुख आमन्त्रित सदस्यकोरुपमा रही सल्लाहकारी एब विज्ञको भूमिका निर्वाह गर्नेछन |

**११. युवा उद्यमशिलता विकास अनुदान कार्यक्रमको लागि पेश गरिएका आवेदनहरुको मूल्यांकन गर्न र समग्र कार्यक्रमको प्रभावकारीरुपमा कार्यान्वयन गर्न देहाय बमोजिमको कार्यक्रम कार्यान्वन समिति रहनेछ |**

क) प्रमुख प्रशासकीय अधिकृत– संयोजक

ख) आर्थिक प्रशासन शाखा प्रमुख —सदस्य

ग) सम्बन्धित बिषयगत शाखाको प्रमुख– सदस्य

घ) साझेदार संस्था वा निकायको प्रमुख वा प्रतिनिधि- सदस्य

ङ) योजना शाखाको प्रमुख– सदस्य सचिव

**१२.** युवा उद्यमशिलता विकास अनुदान कार्यक्रम गाँउपालिकाको साझेदारीमा अन्य संस्थाले कार्यान्वयन गर्ने हकमा कार्यान्वयन गर्ने संस्थाले छनौट समिति गठन गर्न सक्नेछ | यस्तो कामको लागि कार्यक्रम कार्यान्वन समितिको स्वीकृत लिनु पर्नेछ । यस्तो समितिमा गाँउपालिकाको प्रतिनिधी अनिवार्यरुपमा रहने छ ।सो समितिले सार्बजनिक सूचना जारी गरि फिल्ड अनुगमन गरि उपयुक्त देखिएको उधमीलाइ निष्पक्षरुपमा अनुदान दिन छनोट तथा सिफारिस गर्न सक्नेछ |

**१३. कार्यान्वन समितिको काम कर्तव्य र अधिकारः** समितिले गाँउपालिकाको निर्धारित मापदण्डको आधारमा वा सार्बजनिक खरिद एंन नियमवलीको अधिनमा रही प्रस्तावना छनौट गरी स्वीकृतिको लागिकार्यपालिकामा पेश गर्नु पर्नेछ ।

## परिच्छद- ५
## सम्झौता, भुक्तानी, प्रतिवेदन, अनुगमन तथा मूल्यांकन

**१४. सम्झौताः** युवा उद्यमशिलता विकास अनुदान कार्यक्रमको सम्झौता आवेदन कार्यान्वन समितिको सिफारिसमा कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले अनुसूची ५ बमोजिमको ढाँचामा गर्नु पर्नेछ । साझेदार संस्थाको हकमा सम्बन्धित संस्थाको सञ्चालक समितिको निर्णय बमोजिम गर्नु पर्नेछ ।

**१५. भुक्तानीः** युवा उद्यमशिलता विकास अनुदान कार्यक्रमको सम्झौता भए पश्चात् अनुदानग्राहीहरुलाई सम्झौता बमोजिमको रकम एकमुष्ठ वा किस्ता बन्दिमा एसि पेयि चेक मार्फत भुक्तानी गर्नु पर्नेछ ।

**१६. प्रतिवेदनः** युवा उद्यमशिलता विकास अनुदान कार्यक्रमको प्रगति प्रतिवेदन अनुसूची ७ बमोजिमको ढाँचामा कार्य सम्पन्न भए पश्चात पेश गर्नुपर्नेछ ।

**१७. अनुगमन तथा मूल्यांकनः** युवा उद्यमशिलता विकास अनुदान कार्यक्रमको अनुगमन तथा मूल्यांकन आवश्यकता अनुसार वडा कार्यालय र कार्यक्रम निर्देशक तथा कार्यान्वन समिति मार्फत गरिने छ ।

## परिच्छेद -६
## विविध

**१८. लेखापरीक्षणः** युवा उद्यमशिलता विकास अनुदान कार्यक्रमको लेखापरीक्षण आर्थिक वर्ष समाप्त भए पश्चात प्रचलित कानून बमोजिम गाउँपालिकाले गर्नु पर्नेछ ।

**१९. समन्वयः** युवा उद्यमशिलता विकास अनुदान कार्यक्रमको व्यवस्थितरुपमा सञ्चालन गर्नको लागि संघिय सरकारका निकाय, प्रदेश सरकारका निकाय र अन्य स्थानीय तहका निकायहरु बीच कार्यक्रम निर्देशक समितिले समन्वय गर्नु पर्नेछ ।

**२०. पारदर्शिताः** युवा उद्यमशिलता विकास अनुदान कार्यक्रमको आम्दानी खर्च कार्यक्रम सम्पन्न भए पश्चात सार्वजनिक गर्नु पर्नेछ । कार्यक्रम छनौट, अनुगमन तथा मूल्यांकन र कार्यान्वयन गर्दा जनसहभागितामूलक विधिको अवलम्बन गर्नु पर्नेछ ।

**२१. संशोधन तथा हेरफेरः** यस कार्यविधीको कार्यान्वयनलाई व्यवस्थित र प्रभावकारी बनाउन गाँउपालिकाले आवश्यकता अनुसार संशोधन तथा हेरफेर गर्न सक्नेछ ।

**२२. बाधा अडकाउ फुकाउन र व्याख्या गर्न सक्नेः** गाउँ कार्यपालिकाले यस कार्यविधिमा थपघट, हेरफेर, संशोधन, व्याख्या वा बाधा अड्काउ फुकाउन सक्नेछ ।

**२३. प्रचलित कानुन लागु हुनेः** युवा उद्यमशिलता विकास अनुदान कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यस कार्यविधीमा व्यवस्था भएकोमा सोही बमोजिम र अन्य व्यवस्थाका सम्बन्धमा प्रचलित कानुन बमोजिम हुनेछ । यस सन्दर्भमा द्विविधा उत्पन्न भएमा वा अस्पष्टता भएमा गाँउ कार्यपालिकाको व्याख्या अन्तिम हुनेछ ।

**२४. विविधः** युवा उद्यमशिलता विकास अनुदान कार्यक्रमको कार्यान्वयन गाँउपालिकाले आफै स्वयं कार्यान्वयन गर्ने हकमा प्रचलित कानु र यस कार्यविधि बमोजिम तथा अन्य निकाय सँगको साझेदारीमा साझेदार निकायले कार्यान्वयन गर्ने हकमा बिदेशी साझेदार भए सो साझेदारको त्यस्तो गाइडलाइन भए सो समेत र यस कार्यविधिको अधिनमा रहि थप केहि आबश्यक भए निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

(दफा ६ को खण्ड (ख) सँग सम्बन्धित)
बैजनाथ गाँउपालिका,
गाँउ कार्यपालिकाको कार्यालय, रामपुर बाँके
लुम्बिनी प्रदेश

युवा उद्यमशिलता अनुदान कार्यक्रममा सहभागिताको लागि आवेदन आह्वानको ढाँचा

सूचना प्रकाशित मिति ............

बैजनाथ गाँउपालिकाको चालु आ. व. ........... का लागि स्वीकृत ...................... तर्फका उत्पादनमा युवा उद्यमशिलता विकास अनुदान कार्यक्रममा (बाख्रा/गाई भैसि/लोकल कुखुरा/वंगुर/तरकारी/माछा) सहभागि हुन १८ देखि ४५ वर्षका युवा (महिला, पुरुष, अन्य) हरुद्धारा तोकिएको शर्तको अधिनमा रहि सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आवेदन पेश गर्नुहुन यसै सूचनाद्धारा जानकारी गरिएको छ । यस कार्यक्रमको कार्यक्षेत्रगत शर्त (TOR) तथा आवेदन फारम गाँउपालिकाको कार्यालय वा वेवसाइट www.baijanathmun.gov.np बाट डाउनलोड गर्न सकिने छ ।

कार्यक्रमको विवरण

................................
प्रमुख प्रशासकिय अधिकृत

अनुसूची २

(दफा ६ को खण्ड (ग) सँग सम्बन्धित)

बैजनाथ गाँउपालिका,

गाँउ कार्यपालिकाको कार्यालय,रामपुर बाँके

लुम्बिनी प्रदेश, नेपाल

युवा उद्यमशिलता अनुदान कार्यक्रममा सहभागि हुन इच्छुक युवाहरुका लागि आवेदन पत्रको ढाँचा

श्री...................... मितीः............................

बैजनाथ गाउकार्यपालिकाको कार्यालय , रामपुर , बाँके

..........................प्रदेश

..............................जिल्ला

विषयः युवा उद्यमशिलता विकास अनुदान कार्यक्रममा सहभागी हुन पाउँ ।

महोदय,

प्रस्तुत विषयमा मिति..............................मा प्रकाशित सूचना अनुसार म ................................ले युवा उद्यमशिलता विकास अनुदान कार्यक्रममा समावेश हुने चाहना भएकोले सो प्रयोजनका लागि तपशिलमा उल्लेखित अनुसारको कागजात संलग्न गरी निवेदन पेश गरेका छु/ छौ ।

तपसिल

१. नेपाली नागरिकताको प्रमाण पत्र प्रतिलिपी/ बसाईसरेको प्रमाणपत्र
२. आवेदन फारम
३. पासपोर्ट साइजको फोटो( आबश्यकताको आधारमा )
४. वडा कार्यालयको सिफारिस

अनुसूची ३

(दफा ६ को खण्ड (ग) सँग सम्बन्धित)

बैजनाथ गाँउपालिका,

गाँउ कार्यपालिकाको कार्यालय, रामपुर बाँके

लुम्बिनी प्रदेश, नेपाल

युवा उद्यमशिलता विकास अनुदान कार्यक्रममा सहभागी हुन इच्छुक युवाहरुको लागि आवेदन फारमको ढाँचा

युवा उद्यमशीलता विकास अनुदान कार्यक्रममा सहभागिताका लागि आवेदन फारम २०७८

| | |
|---|---|
| आवेदकको नाम | |
| स्थायी ठेगाना | |
| गाउँ/टोल | |
| जन्म मिति | |
| नागरिकता नं. र जारी गर्ने जिल्ला | |
| मूख्य पेशा | |
| परिवार संख्याः | महिलाः पुरुषः<br>बालबालिकाः |
| मूख्य पेशा | |
| बैदेशिक रोजगारबाट फर्केको भए सोको विवरण | कुन देशबाट कति समय सम्म के काम गरेर फर्कनु भएको हो? खुलाउने । |
| फोन नं. | |

**हाल गरिरहेको कामको बिवरणः**

| विवरण | मूख्य बाली/वस्तु/पंक्षी | क्षेत्रफल | सरदर वार्षिक उत्पादन |
|---|---|---|---|
| कृषि | | | |
| | | | |

| | | | |
|---|---|---|---|
| पशु | | | |
| | | | |
| पंक्षी | | | |
| | | | |
| अन्य | | | |

कृषि तथा पशुपंक्षी उत्पादनको प्रसोधन तथा बजारीकरण संग सम्बन्धित लघुउद्यम भए त्यसका बिवरणः ..............................................................................................................................................................................................................................................................

भावी योजना र प्रतिवद्धता

| क्र.सं. | कृयाकलाप (के गर्ने) | संख्या/क्षमता (कति गर्ने) | बार्षिक उत्पादन लक्ष्य उद्यम सञ्चालनका लागि परियोजनाबाट अपेक्षा गर्नु भएको न्यूनतम सहयोग |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

आवेदन पेश गर्ने

हस्ताक्षरः...............................................

नामः....................................................

ठेगानाः................................................

सम्पर्क नं...............................................

अनुसूची ४

(दफा ५ को खण्ड (ङ) सँग सम्बन्धित)

बैजनाथ गाँउपालिका,

गाँउ कार्यपालिकाको कार्यालय, रामपुर बाँके

लुम्बिनी प्रदेश, नेपाल

कृषि तथा पशुवस्तुमा आधारित लघु, साना, मझौला र ठुला उद्यम वर्गिकरणको विस्तृत विवरण

| क्र.सं. | वालि तथा पशुवस्तु | लघु उद्यम | साना उद्यम | मझौला उद्यम | ठुला उद्यम |
|---|---|---|---|---|---|
| १. | बाख्रा पालन | ३ देखि १० माउ सम्म | ११ देखि २० माउ सम्म | २१ देखि ५० माउ सम्म | ५१ माउ भन्दा बढी |
| २. | गाई भैसि पालन | २ वटा दुधालु गाई भैसि सम्म | ३ देखि ५ दुधालु गाई भैसि सम्म | ६ देखि १० दुधालु गाई भैसि सम्म | ११ भन्दा बढी दुधालु गाई भैसि |
| ३. | वंगुर पालन | २ देखि ५ माउ सम्म | ६ देखि १० माउ सम्म | ११ देखि १५ माउ सम्म | १६ माउ भन्दा बढी |
| ४. | लोकल कुखुरा पालन | ५ देखि १० माउ सम्म | ११ देखि ३० माउ सम्म | ३१ देखि ५० माउ सम्म | ५१ माउ भन्दा बढी |
| ५. | तरकारी खेती | १ देखि २ कठ्ठा सम्म | ३ देखि ४ कठ्ठा सम्म | ५ देखि ६ कठ्ठा सम्म | ६ कठ्ठा भन्दा बढी |
| ६. | माछा पालन | ... देखि .... कठ्ठा सम्म | ... देखि .... कठ्ठा सम्म | ... देखि .... कठ्ठा सम्म | ... कठ्ठा भन्दा बढी |
| | | | | | |

अनुसूची ५

(दफा १४ सँग सम्बन्धित)

बैजनाथ गाँउपालिका,

गाँउ कार्यपालिकाको कार्यालय, रामपुर बाँके

लुम्बिनी प्रदेश, नेपाल

युवा उद्यमशिलता विकास अनुदान कार्यक्रममा सहभागि हुन इच्छुक युवा वीचको सम्झौता पत्रको ढाँचा

बैजानाथ गाँउपालिका(यस पछि प्रथम पक्ष भनिने)र ................................................................(यस पछि दोस्रो पक्ष भनिने) विच व्यवसाय परिमाणको आधारमा अनुदान कार्यक्रम (बाख्रा/दुध/कुखुरा/तरकारी/बंगुर/माछा/अन्य ) ..........................................मा तपसिलका शर्तहरु पालन गर्ने गराउने गरी यो द्विपक्षीय सम्झौता गरिएको छ ।

तपसिलः

सम्झौताका शर्तहरुः

१. गाँउपालिका मार्फत युवा उद्यमीहरुले ...................... व्यवसाय प्रवद्र्धन गर्नका लागि रु ............. (अक्षरुपीः .................. मात्र) प्रदान गर्नु पर्नेछ ।

२. गाँउपालिकाले युवा उद्यमीहरुलाई व्यवसाय विकासको लागि आवश्यक प्राविधिक सहयोग प्रदान गर्नु पर्नेछ ।

३. गाँउपालिकाले उद्यमी सदस्यलाई आवश्यक तालिमहरु (उद्यमशिलता विकास, व्यवसायिक) प्रदान गर्नु पर्नेछ ।

४. गाँउपालिकाले युवा उद्यमीलाई व्यवसाय विस्तार गर्नका लागि आवश्यक रकम सहुलियत कर्जाकोरुपमा परिचालन गर्नका लागि वित्तिय निकायहरु सँग सहजीकरण गर्नेछ ।

५. युवा उद्यमी सदस्यले सहयोग रकम प्राप्त गरेको ३० दिन भित्रमा योजना गरे अनुसारको व्यवसाय शुरुवात गरि सक्नु पर्नेछ । उद्यमीले सञ्चालन गर्ने व्यवसायको न्यूनतम मापदण्ड तयार गरी यसै सम्झौता साथ संलग्न गरिएको छ

६. गाँउपालिका बाट अनुगमन गर्दा व्यवसाय शुरुवात नगरिएको वा मापदण्ड पुरा नभएको पाइएमा सहयोग प्राप्त रकम तुरुन्त फिर्ता गर्नु पर्नेछ । अनुदान रकम एक वा सो भन्दा बढी किस्ता राखी उपलब्ध गराउन सकिनेछ |

७. युवा उद्यमी समुहमा आवद्ध हुनु पर्नेछ । आफ्नो उत्पादन समुह वा सहकारी मार्फत सामुहिक वजारीकरण गर्नु पर्नेछ ।

८. गाँउपालिकाले युवा उद्यमीहरुको व्यवसाय प्रवद्र्धनका लागि अभिभावकिय भूमिका निर्वाह गर्नु पर्नेछ ।

७. गाँउपालिकाले मापदण्ड अनुसारको व्यवसाय सञ्चालनको सुनिश्चितता गर्न नियमितरुपमा अनुगमन गरी आवश्यक सल्लाह सुझाव प्रदान गर्नु पर्नेछ ।

| | |
|---|---|
| दोस्रो पक्ष | प्रथम पक्ष |
| दस्तखतः | दस्तखतः |
| नामः | नाम : |
| पद : | पदः |
| संस्थाः | कार्यालयः |
| रोहवर | |
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| संस्थाः | कार्यालय |

इति सम्वत..................साल................महिना....................गते रोज..............शुभम् ।

नोटः द्विपक्षीय सम्झौता हुँदाका बखत माथिका बुँदाहरुमा थपघट गर्न सकिनेछ र गाउपालिकाको साझेदारीमा अन्य संस्थाले कार्यक्रम सञ्चालन गरेमा त्रिपक्षिय सम्झौता गरिने छ

अनुसूची ६

(दफा १५ को सँग सम्बन्धित)

बैजनाथ गाँउपालिका,

गाँउ कार्यपालिकाको कार्यालय, रामपुर बाँके

लुम्बिनी प्रदेश नेपाल

युवा उद्यमशिलता विकास अनुदान कार्यक्रममा सहभागी युवा उद्यमीको प्रगति प्रतिवेदनको ढाँचा

१. परिचयात्मक विवरण

| | |
|---|---|
| उद्यमीको नामः | |
| ठेगानाः | |
| फोन नं.: | |
| नागरिकता नं.: | |
| पान नं.: | |

२. व्यवसायको नामः

३. कार्यक्रमबाट लाभान्वित परिवार संख्याः महिलाः पुरुषः

४. कार्यान्वयन विधिः

५. क्रियाकलापः

६. कार्यक्रम सञ्चालन गर्दाको खर्च विवरण

| क्र. सं. | क्रियाकलाप | परिमारण | दर | जम्मा खर्च रकम | लगानी | गाँउपालिका सहयोग स्वयं |
|---|---|---|---|---|---|---|
| १ | खोर गोठ सुधार | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |
| ६. | | | | | ` | |
| | | | | | | |
| | जम्मा रकम | | | | | |

७. कार्यक्रमको अनुगमनः

**आज्ञाले,**

**दान बहादुर ऐडी**

**प्रमुख प्रशासकीय अधिकृत**

मुद्रण : मिशन प्रिन्टीङ प्रेस, कोहलपुर बाँके, मूल्य रु. १०/-

घरेलु दर्ता नं. ११९/४६१४/२०७०/२०७१